GoN registration no: 785/2060/61
SWC affiliation no: 16019
PAN no: 301719698

CIVIC FORUM

# Civic Forum
## Civic Forum for Sustainable Development
## दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम)
काभ्रेपलाञ्चोक
२०६०

P.O. Box No. 33, Dhulikhel
Kavrepalanchok,
Province No. 3, Nepal
Tel: +977-11-490744
Mobile: +977-9851254762
Email: info@civicforum.org.np
URL: www.civicforum.org.np

*Ref. No.* ६१/२०६६/०६६

मिति: २०७६/०९/१०

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश ।

website मा छपाउन … गर्ने

**विषय: सुरक्षित आप्रवासन परियोजना (सामी) मा कर्मचारीहरु आवश्यकता सम्बन्धी सूचना प्रकाशित गरिएको बारे ।**

उपर्युक्त विषयमा नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत काभ्रेपलाञ्चोक जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्वन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा धुलिखेल नगरपालिका, मण्डनदेउपुर नगरपालिका, भुम्लु गाउँपालिका र रोशी गाउँपालिकामा समुदाय सचेतिकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको **सुरक्षित आप्रवासन परियोजना (सामी)** अन्तर्गत मण्डनदेउपुर नगरपालिका कार्यालय र स्थानीय सेवा प्रदायक संस्था सिविक फोरम, काभ्रेपलाञ्चोक बीच मिति २०७६ पुस ०९ गते भएको सम्झौता अनुसार कर्मचारीहरु आवश्यकता सम्वन्धी १५ (पन्ध्र) दिने सूचना काभ्रेपलाञ्चोक जिल्लाबाट साप्ताहिक रुपमा प्रत्येक विहिवार प्रकाशित हुने चेष्टा साप्ताहिकमा **२०७६ पुस १० गते**, विहिवार प्रकाशित सूचना यसै साथ संलग्न गरिएको व्यहोरा हार्दिक अनुरोध गरिन्छ । साथै, यो कर्मचारीहरु आवश्यकता सम्वन्धी सूचनालाई प्रिन्ट गरी पालिकाको सूचना पाटीमा टाँस गर्ने र कार्यालयको वेवसाईटमा प्रकाशित गर्ने व्यवस्था मिलाई दिनुहुन अनुरोध छ ।

सहयोगको लागि धन्यवाद ।

वसन्त कुँवर
प्रमुख कार्यकारी अधिकृत

दिगो विकासका लागि नागरिक मञ्च
सिविक फोरम
२०६०

**बोधार्थ:**
श्री नगर प्रमुख ज्यू,
मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

CIVIC FORUM

# दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम)

काभ्रेपलाञ्चोक

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रथम पटक प्रकाशित मितिः २०७६/०९/१० गते, विहिवार)

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत काभ्रेपलाञ्चोक जिल्लामा सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा धुलिखेल नगरपालिका, मण्डनदेउपुर नगरपालिका, भुम्लु गाउँपालिका र रोशी गाउँपालिकामा समुदाय सचेतिकरणका कार्यक्रमहरू, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम ९क्बाभच :ष्चबतष्यल एचयनचक(क्बःष्० अन्तर्गत पालिका कार्यालयहरू र स्थानीय सेवा प्रदायक ९ीक्ए० संस्था सिविक फोरम, काभ्रेपलाञ्चोक बीच भएको सम्झौता अनुसार तपशिल अनुसारको जनशक्तिहरू आवश्यकता भएको हुँदा निम्नानुसार योग्यता पुगेका ईच्छुक व्यक्तिहरूबाट सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आव्हान गरिन्छ। म्याद नाघी आएको र रीत नपुगेका दरखास्तहरू माथि कुनै कारवाही गरिने छैन।

<table>
<tr><th colspan="3">तपशिल:</th></tr>
<tr><th>पद</th><th>आवश्यक संख्या</th><th>न्यूनतम योग्यता</th></tr>
<tr><td>सूचना तथा परामर्शकर्ता</td><td>२ जना (धुलिखेल नगरपालिका)</td><td>▪ न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्यमा वा सामाजिक परिचालनको क्षेत्रमा कम्ती ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलन चल्तिको स्थानीय भाषा जानेकोलाई प्राथमिकता दिईनेछ।<br>▪ प्रतिवेदन लेखन सीप, MS Word, Power Point, Excel, Email and Internet चलाउन सक्ने सीप भएको।</td></tr>
<tr><td>मनोसामाजिक परामर्शकर्ता</td><td>४ जना (धुलिखेल नगरपालिकामा १ जना, मण्डनदेउपुर नगरपालिकामा १ जना, भुम्लु गाउँपालिकामा १ जना र रोशी गाउँपालिकामा १ जना)</td><td>▪ न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्बन्धी आधारभूत तालिम लिएको वा परामर्श सम्बन्धी १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। कार्यक्रम लागू भएको स्थानीय तहको स्थानीय महिलालाई प्राथमिकता दिईनेछ।<br>▪ प्रतिवेदन लेखन सीप, MS Word, Power Point, Excel, Email and Internet चलाउन सक्ने सीप भएको।</td></tr>
<tr><td>वित्तिय साक्षरता सहजकर्ता</td><td>४ जना (धुलिखेल नगरपालिकामा १ जना, मण्डनदेउपुर नगरपालिकामा १ जना, भुम्लु गाउँपालिकामा १ जना र रोशी गाउँपालिकामा १ जना)</td><td>▪ न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। कार्यक्रम लागू भएको स्थानीय तहको स्थानीय महिलालाई प्राथमिकता दिईनेछ।<br>▪ प्रतिवेदन लेखन सीप, MS Word, Power Point, Excel, Email and Internet चलाउन सक्ने सीप भएको।</td></tr>
<tr><td>रिटर्नी स्वयंसेवक</td><td>१२ जना (धुलिखेल नगरपालिकामा ३ जना, मण्डनदेउपुर नगरपालिकामा ३ जना, भुम्लु गाउँपालिकामा ३ जना र रोशी गाउँपालिकामा ३ जना)</td><td>▪ न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र सामाजिक कार्यमा रूचि भएको, स्पष्ट सञ्चार क्षमता भएकोलाई प्राथमिकता दिईनेछ।</td></tr>
<tr><td>कार्य अवधि</td><td colspan="2">२०७७ आषाढ मसान्त (१५ जुलाई, २०२०) सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने।</td></tr>
<tr><td>तलव तथा अन्य सुविधा</td><td colspan="2">कार्यक्रमको नियमानुसार।</td></tr>
<tr><td>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</td><td colspan="2">माथि उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपी, कम्तीमा पनि २ जना सन्दर्भ (Reference) व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण (Bio-Data), शैक्षिक योग्यताको प्रमाण-पत्रको फोटोकपी, तालिम तथा कार्य अनुभव पत्रहरुको फोटोकपी र रिटर्नी स्वयंसेवकको हकमा भने वैदेशिक रोजगारीमा गएर कार्य गरेको भन्ने खुल्ने प्रमाणित हुने कागजपत्रहरु र १ प्रति पासपोर्ट साईजको फोटो सहित आफुले आवेदन गर्न चाहेको पद र स्थानीय तह (नगरपालिका तथा गाउँपालिका) प्रष्ट रुपमा खुलाई सम्पूर्ण कागजपत्रहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनी स्वःप्रमाणित गरी पेश गर्नु पर्नेछ।</td></tr>
<tr><td>आवेदन दिने अन्तिम मिति</td><td colspan="2">सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७६ साल पौष २३ गते, बुधवार अपरान्ह ४:०० बजे) भित्र।</td></tr>
<tr><td>आवेदन पेश गर्ने स्थान</td><td colspan="2">सिविक फोरमको सम्पर्क कार्यालयः धुलिखेल नगरपालिका वडा नं.०३, पिपलबोट मार्ग घर नं.१७९, धुलिखेल, काभ्रेपलाञ्चोक, फोन नं.०११-४९०७४४</td></tr>
<tr><td colspan="3">तोकिएको मिति भित्र पर्न आएको आवेदकहरुको लघुसूची (Short List) तयार पारिनेछ, साथै लघुसूची (Short List) मा परेका आवेदकहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिनेछ। साथै, पद तथा कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै कम्प्युटर (Computer) को प्रयोगात्मक परीक्षा समेत लिईनेछ।</td></tr>
<tr><td colspan="3">कुनै पनि आवेदन वा सम्पूर्ण आवेदनहरु अस्वीकार गर्ने अधिकार सिविक फोरम संस्थामा सुरक्षित रहनेछ।</td></tr>
<tr><td colspan="3">सिविक फोरम संस्था तथा कार्यक्रमले कर्मचारीमा विविधताको प्रवर्द्धन गर्दछ र कर्मचारीको छनौटमा महिला आवेदक तथा दलित, जनजाति, मधेशी तथा अन्य अल्पसंख्यक समुदायका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको आधारमा विशेष प्राथमिकता प्रदान गर्दछ।</td></tr>
</table>

चेवटा साप्ताहिकमा प्रकाशित